# विधायन समितिको वार्षिक प्रतिवेदन, २०८०

सभाका अध्यक्ष ज्यू,

स्थानीय तहको कानून निर्माण प्रक्रिया सम्बन्धी ऐन २०७५ को दफा १८ बमोजिम **केदारस्यूँ गाउँपालिका शिक्षा विधेयक र स्वास्थ्य विधेयक**माथि छलफल गर्न मिति २०८०।१०।०८ मा यस समितिमा प्राप्त भएकोमा उक्त विधेयक र प्राप्त संशोधन उपर चौधौँ गाउँ सभाको पहिलो बैठकमा सम्बद्ध सदस्य,संशोधनकर्ता,विधेयक प्रस्तुतकर्ता,सरोकारवालाहरु सँग छलफल गरी यो प्रतिवेदन सभा समक्ष प्रस्तुत गरेको छु।

**सभाअध्यक्ष महोदय,**

केदारस्यूँ गाउँपालिकाकोचौधौँगाउँ सभाको यस गरिमामय सभामा विधायन समितिको संयोजकको हैसियतले प्रतिवेदन प्रस्तुत गर्न उपस्थित भैरहँदा गौरवान्वित महसुस गरेको छुँ।

संविधानले तीन तहको राज्यको परिकल्पना गरेसँगै स्थानीय तहलाई दिएको अधिकार र कार्यसूचि भित्र रहेर स्थानीय सरकारकले तर्जुमा गरेका नीति , कार्यक्रम र बजेटलाई कार्यन्वयनको चरणमा सहजीकरण सरलता एकरुपताका साथै थप उद्देश्यमूलक र उपलब्धिमूलक बनाउन थुप्रै ऐन, नियम, कार्यविधी र निर्देशिका बनाउन विधायन समिति को गठन भईसकेको छ। स्थानीय तहसँग नागरिकले गरेका अपेक्षा र आवश्यकतालाई सम्वोधन गर्दै यस केदारस्यूँगाउँपालिकालाई समृद्धगाउँपालिकाको रुपमा स्थापित गर्न स्वयं आफ्नो अधिकार क्षेत्र भित्र रहेर कानून निर्माण गरि कार्यन्वयन गर्नुपर्ने आजको चुनौतिपूर्ण विषय पनि हो। विगतका दिनहरुमा पनि हामीले थुप्रै कानून निर्माण गरि कार्यान्वयन गरिसकेको भएता पनि उक्त कानूनहरुलाई समयानुकूल संशोधन तथा परिमार्जित गर्नुपर्ने छ। कतिपय कानूनका मस्यौदाहरु निर्माणका चरणमा रहेका छन। यद्यपि अझै पनि थुप्रै कानून निर्माण गरि कार्यान्वयन गर्नुपर्ने अवस्था छ। जुन कार्य द्रुत गतिमा अगाडि वढिरहेको छ।

सभाध्यक्ष महोदय,

विधायन समितिले मस्यौदा निर्माण गर्नुका उद्देश्यहरु निम्न अनुसार छन्:

**उदेश्यहरु**

- नेपालको संविधानले परिकल्पना गरेको संघ, प्रदेश र स्थानीय सरकारका नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्नु।
- स्थानीय तहलाइ संविधान प्रदत्त अधिकार क्षेत्रमा आफै कानून बनाई लागु गर्ने सुअवसरको उपयोग गर्नु।

- बजेटको उचित कार्यान्वयन गर्नु ।
- सुशासन कायम गरी दीगो र प्रभावकारी प्रतिफल प्राप्त गर्नु ।
- योजना कार्यन्वयमा सरलता र सहजता स्थापित गर्नु ।
- लक्षित कार्यक्रमहरुलाई उद्देश्यमूलक तथा उपलब्धिमूलक बनाउनु ।
- सर्वसाधारणको समान सदभागितामूलक पहुँच स्थापित गर्नु ।
- सवल, सक्षम, सुशासनयुक्त, पारदर्शी, जवाफदेहि गाउँपालिकाको रुपमा केदारस्यूँगाउँपालिकालाई स्थापित गर्नु ।
- वजेटको सदुपयोग गर्नु ।

**हाल सम्म स्वीकृत भएका कानूनहरु**

१. केदारस्यूँ गाउँपालिका जलश्रोत ऐन, २०७८
२. केदारस्यूँ गाउँपालिका स्वच्छ र स्वस्थ वातावरण ऐन, २०७८
३. केदारस्यूँ गाउँपालिका गाउँ विपद् जोखिम न्यूनिकरण ऐन, २०७५
४. केदारस्यूँ गाउँपालिका न्यायिक समिति ऐन, २०७५
५. स्थानीय तह कार्यक्रम सञ्चालन मार्गदर्शन २०७९
६. आर्थिक ऐन, २०८०
७. "घ " वर्गको निर्माण व्यवसाय इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५
८. एफ एम रेडिय व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७५
९. प्राइभेट फर्म दर्ता कार्यविधि, २०७८
१०. पूर्वाधार विकाश व्यवस्थापन सम्बन्धी विधेयक, २०७८
११. जलश्रोत नियमावली, २०७८
१२. उपाध्यक्ष कार्यविधि, २०७८
१३. मेलमिलाप केन्द्र गठन तथा सञ्चालन कार्यविधि, २०७७
१४. टोल विकास परिक्षण सम्बन्धी कार्यविधि, २०७८
१५. सामाजिक परिक्षण सम्बन्धी कार्यविधि, २०७८
१६. गैर सरकारी संस्थासँग सहकार्य सम्बन्धी निर्देशिका, २०७७
१७. आपतकालिन कार्यसञ्चालन कार्यविधि, २०७५
१८. उपभोक्ता समिति वा लाभग्राही समुदायबाट योजना सञ्चालन कार्यविधि, २०७४
१९. विपद् उद्धार तथा राहत कोष व्यवस्थापन कार्यविधि, २०७४

**२०.** गाउँ कार्यपालिकाको बैठक सञ्चालन सम्बन्धी कार्यविधि, २०७४
**२१.** गाउँ कार्यपालिका कार्यसम्पादन नियमावली, २०७४
**२२.** गाउँ कार्यपालिका (कार्यविभाजन) नियमावली, २०७४
**२३.** गाउँ सभा सञ्चालन कार्यविधि, २०७४
**२४.** गाउँपालिका पदाधिकारीहरुको आचासंहिता, २०७४
**२५.** अनुगमन ऐन, २०७४
**२६.** लैंगिक निवारण सम्बन्धी कार्यविधि, २०७८
**२७.** अध्यक्ष युवा कार्यक्रम कार्यविधि, २०७८
२८. कोभिड १९ रोकथाम तथा नियन्त्रण जोखीम भत्ता कार्यविधि, २०७६
२९. स्थानीय उर्जा विकास सम्बन्धी निर्देशिका, २०७५

**साथै निर्माण हुने चरणमा रहेका कानूनहरु**

१. केदारस्यूँ गाउँपालिकाको शिक्षा ऐन, २०८०
२. केदारस्यूँ गाउँपालिकाको स्वास्थ्य ऐन, २०८०
३. अटो तथा ई-रिक्साव्यवस्थापन कार्यविधि, २०८०
४. घर वहाल कर व्यवस्थापन कार्यविधि, २०८०
५. हेभी सवारी साधन सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०
**६.** एम्बुलेन्स सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८०

**कमजोरी पक्ष/ चुनौती**

- विविध कारण (परामर्शदाताको अभाव, नमुना कानून समयमै प्राप्त नहुनु, जनप्रतिनिधिमा क्षमाता अभिवृद्धी तालिम नहुनु, जनप्रतिनिधिले चासो कम देखाउनु) गर्दा कानून निर्माणमा सहजता नहुनु ।
- विधायन समितिबाट सिफारिस गरिएका कानून निर्माण गरेर समयमै स्वीकृत गरि कार्यान्वयनको चरणमा ल्याउन नसक्नु ।

**अबको बाटो**

संविधानले स्थानीय सरकारलाइ प्रदान गरेको अधिकारको उपयोग गर्दै बजेट, निती तथा कार्यक्रम, जनताको अपेक्षा र आशालाई मध्यनजर गर्दै प्राथमिकताको आधारमा कानून निर्माण गरि समयमै कार्यान्वयन गराइ, स्थानीय सरकारको अनुभुति दिलाउन मार्गदर्शन गर्नु विधायन समितिको अबको कार्य हुनेछ ।

विधायन समिति संयोजक